2230/431

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

**आदेश**

मु.नं. ६५४/२०७२/०७३

निर्णय नं. ४३१

जिल्ला पर्वत, खानीगाउँ-३, फलेवास निबासी हरिहर शर्मा पोखरेल ....................१ } पुनरावेदक

**विरूद्ध**

नलसिंहगाढ जलविद्युत आयोजना ..........................................................१ } विपक्षी

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनु ।

पर्वत, फलेवास, खानीगाउँ-३, का श्री हरिहर शर्मा पोखरेलले नलसिंहगाढ जलविद्युत आयोजना समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा माग अनुसारको सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०२।२० मा पुनरावेदन गरेको । प्रस्तुत पुनराबेदनको सम्बन्धमा राष्ट्रिय सूचना आयोगबाट पुनराबेदकलाई के कति कारणले माग बमोजिमको सूचना उपलब्ध गराईएन भनी च. नं. ११३ मिति २०७३।०४।२४ को पत्रमार्फत नलसिंहगाढ जलविद्युत आयोजनालाई लेखी गएको । तत् पश्चात नलसिंहगाढ जलविद्युत आयोजनाको च. नं. ६६ मिति २०७३।०५।१६ को पत्र साथ संलग्न सूचनामा चित्त नबुझी पुनराबेदकले माग बमोजिमको सूचना उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०८।१३ मा पुन: उजुरी गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर निवेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अत: निवेदकले माग गरेको तपसिलको सूचना निवेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नर्लसिंहगाढ जलविद्युत आयोजनाका सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । निवेदकको निवेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी निवेदकलाई दिनू ।

<u>तपसिल</u>

१. नर्लसिंहगाढ जलविद्युत आयोजनामा परामर्शदाता छनोट गर्दा त्यसको प्राविधिक प्रस्ताव खोल्दाको निर्णय पुस्तिका तथा आर्थिक प्रस्तावको मूल्याङ्कन प्रतिवेदन र सोही कार्यमा प्राविधिक प्रस्तावको मूल्याङ्कन प्रतिलिपि ।
२. आर्थिक तथा प्राविधिक प्रस्तावहरुको संयुक्त मूल्याङ्कन प्रतिवेदन ।
३. नेगोसिएसनको निर्णय प्रति र निर्णय गर्दाको माइन्युटको प्रतिलिपि । तथा यसै सन्दर्भमा भएको सम्झौताको प्रतिलिपि ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ ०९ गते रोज १ शुभम् ।